# स्थानीय राजपत्र

देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १८ मितिः २०७९/०३/३१


भाग-२

## देवघाट गाउँपालिकाको अन्तर सरकार समन्वय, सहकार्य र साझेदारी सम्बन्धी कार्यविधि, २०७९


देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको अन्तर सरकार समन्वय, सहकार्य र साझेदारी सम्बन्धी कार्यविधि, २०७९

कार्यपालिकावाट स्विकृत भएको मितिः२०७९/०३/३१
प्रमाणीकरण मितिः २०७९/०३/३१

प्रस्तावनाः गाउँपालिका र संघीय तथा प्रदेश सरकारवीच समन्वय, सहकार्य र साझेदारीलाई व्यवस्थित र प्रभावकारी वनाउन वाञ्छनीय भएकोले देवघाट गाउँपालिकाकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७८ को दफा ४ अनुसार देवघाट गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस नियमावलीको नाम "देवघाट गाउँपालिकाको अन्तर सरकार समन्वय, सहकार्य र साझेदारी सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि देवघाट गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "गाउँपालिका" भन्नाले देवघाट गाउँपालिका भन्ने बुझ्नुपर्छ ।

ख) "कार्यपालिका" भन्नाले देवघाट गाउँपालिका गाउँ कार्यपालिका भन्ने बुझ्नुपर्छ ।

ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बुझ्नुपर्छ ।

घ) "कार्यविधि" देवघाट गाउँपालिकाको अन्तर सरकार समन्वय, सहकार्य र साझेदारी सम्बन्धी कार्यविधि, २०७९ सम्झनु पर्छ ।

ङ) "तोकिए वमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नतोकिएकोमा प्रचलित कानूनमा तोकिए अनुसारको कार्यविधि सम्झनु पर्दछ ।

च) "कार्यालय" भन्नाले देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

## परिच्छेद - २
## संघीय तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य र साझेदारी

३. संघीय तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य र साझेदारीः

(१) गाउँपालिकाले संघीय तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य र साझेदारीमा काम गर्नेछ ।

(२) उप दफा १ अनुसार काम गर्दा गाउँपालिकाले संघीय तथा प्रदेश सरकारसँग तोकिए अनुसार समन्वय, सहकार्य र साझेदारीमा काम गर्नेछ ।

४. नेपालको संविधान २०७२ अनुसार समन्वय, सहकार्य र साझेदारीः

(१) नेपालको संविधान २०७२ को अनुसूची ९ मा उल्लेखित संघ, प्रदेश र स्थनीय अधिकारको साझा सूचीका तपसिलका विषयमा समन्वय, सहकार्य र साझेदारी गरी काम गर्नेछ ।

तपसिल

१) सहकारी
२) शिक्षा, खेलकुद र पत्रपत्रिका
३) स्वास्थ्य
४) कृषि
५) विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरु
६) सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी, पर्यटन शुल्क
७) वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग। वातावरण, पर्यावरण तथा जैविक विविधता
८) खानी तथा खनिज
९) विपद व्यवस्थापन
१०) सामाजिक सुरक्षा र गरीबी निवारण
११) व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक
१२) पुरातत्व, प्राचिन स्मारक र संग्रहालय
१३) सुकुम्बासी व्यवस्थापन
१४) प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी
१५) सवारी साधन अनुमति

(२) उप दफा (१) मा उल्लेखित अधिकारको अतिरिक्त संविधानमा उल्लेखित अन्य विषयमा गाउँपालिकामा उपलब्ध श्रोत, साधन र आवश्यकता अनुसार गाउँपालिकाले संघीय तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य र साझेदारीमा काम गर्नेछ ।

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले संघीय तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य र साझेदारीमा काम गर्नेछ ।

६. अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार गाउँपालिकाले संघीय तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य र साझेदारीमा काम गर्नेछ ।

७. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार गाउँपालिकाले संघीय तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य र साझेदारीमा काम गर्नेछ ।

## परिच्छेद - ३
## संघीय सरकारसँग समन्वय, सहकार्य र साझेदारी

८. संघीय सरकारसँग समन्वय, सहकार्य र साझेदारीः

(१) गाउँपालिकाले संघीय सरकारसँग समन्वय, सहकार्य र साझेदारीमा काम गर्नेछ ।

(२) गाउँपालिकाले संघीय सरकारसँग प्रदेश सरकारको नीति, कानून अनुसार समन्वय, सहकार्य र साझेदारीमा काम गर्नेछ ।

९. संघीय सरकारसँग लागत साझेदारीः

(१) गाउँपालिकाले गाउँपालिकाको क्षेत्रमा हुने योजना तथा कार्यक्रममा तोकिए अनुसार संघीय सरकारसँग लागत साझेदारी गर्नेछ ।

(२) उप दफा १ अनुसार गाउँपालिकाले गाउँपालिकाको क्षेत्रमा हुने समपुरक, सशर्त योजना तथा कार्यक्रममा तोकिए अनुसार संघीय सरकारसँग लागत साझेदारी गर्नेछ ।

(३) समपुरक, सशर्त योजना तथा कार्यक्रममा नतोकिएको भए पनि आवश्यकता अनुसार उपलब्ध श्रोत साधन अनुसार स्वेच्छिक लागत साझेदारी गर्न सक्नेछ ।

(४) गाउँपालिकाले संघीय सरकारको विशेष योजना तथा कार्यक्रममा आवश्यक समन्वय तथा सहयोग गर्नेछ ।

(५) संघीय सरकार आफैले निर्माण तथा सञ्चालन गर्ने योजना तथा कार्यक्रममा पनि गाउँपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ ।

## परिच्छेद - ४
## प्रदेश सरकारसँग समन्वय, सहकार्य र साझेदारी

१०. प्रदेश सरकारसँग समन्वय, सहकार्य र साझेदारीः

(१) गाउँपालिकाले संघीय सरकारसँग समन्वय, सहकार्य र साझेदारीमा काम गर्नेछ ।

(२) गाउँपालिकाले प्रदेश सरकारसँग प्रदेश सरकारको नीति, कानून अनुसार

समन्वय, सहकार्य र साझेदारीमा काम गर्नेछ ।

११. प्रदेश सरकारसँग लागत साझेदारीः

(१) गाउँपालिकाले गाउँपालिकाको क्षेत्रमा हुने योजना तथा कार्यक्रममा तोकिए अनुसार प्रदेश सरकारसँग लागत साझेदारी गर्नेछ ।

(२) उप दफा १ अनुसार गाउँपालिकाले गाउँपालिकाको क्षेत्रमा हुने समपुरक, सशर्त योजना तथा कार्यक्रममा तोकिए अनुसार प्रदेश सरकारसँग लागत साझेदारी गर्नेछ ।

(३) समपुरक, सशर्त योजना तथा कार्यक्रममा नतोकिएको भए पनि प्रदेश सरकारसँग आवश्यकता अनुसार उपलब्ध श्रोत साधन अनुसार स्वेच्छिक लागत साझेदारी गर्न सक्नेछ ।

(४) गाउँपालिकाले प्रदेश सरकारको विशेष योजना तथा कार्यक्रममा आवश्यक समन्वय तथा सहयोग गर्नेछ ।

(५) प्रदेश सरकार आफैले निर्माण तथा सञ्चालन गर्ने योजना तथा कार्यक्रममा पनि गाउँपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ ।

## परिच्छेद - ५

## अन्तर स्थानीय तह र जिल्ला समन्वय समितिसँगको समन्वय तथा साझेदारी

१२. अन्तर स्थानीय तहसँगको समन्वय तथा साझेदारीः

(१) गाउँपालिकाले लागत न्यूनिकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि अन्य गाउँपालिका वा नगरपालिकासँग समन्वय तथा लागत साझेदारी गरी आयोजनाको संयुक्त व्यवस्थापन गर्न सक्नेछ ।

(२) उप दफा १ अनुसारको समन्वय तथा लागत साझेदारी गर्दा आवश्यकता अनुसार नगद, जिन्सी वा प्रविधिवाट गर्न सक्नेछ ।

१३. जिल्ला समन्वय समितिसँगको समन्वय तथा साझेदारीः

(१) (१) गाउँपालिकाले लागत न्यूनिकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि जिल्ला समन्वय समितिसँग समन्वय तथा लागत साझेदारी गरी आयोजनाको संयुक्त व्यवस्थापन गर्न सक्नेछ ।

(२) उप दफा १ अनुसारको समन्वय तथा लागत साझेदारी गर्दा आवश्यकता अनुसार नगद, जिन्सी वा प्रविधिवाट गर्न सक्नेछ ।

(३) जिल्ला समन्वय समितिवाट प्राप्त पृष्ठपोषण, सुझाव तथा अनुगमन प्रतिवेदन माथि कार्यपालिकामा आवश्यक छलफल गरिनेछ र आवश्यकता अनुसार निर्णय गर्न सकिनेछ ।

## परिच्छेद - ६
## अन्तर सरकार समन्वय तथा सहजीकरण संरचना

१४. अन्तर सरकार समन्वय तथा सहजीकरण संरचनाः

(१) अन्तर सरकार समन्वय तथा सहजीकरण गर्नको लागि गाउँपालिकामा छुट्टै संरचना रहनेछ ।

(२) उप दफा १ अनुसारको संरचना अनुसार अन्तर सरकार समन्वय तथा सहजीकरण गर्नको लागि देहाय अनुसार एक अन्तर सरकार समन्वय तथा सहजीकरण समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) कार्यपालिकाले मनोनयन गरेको एक महिला सदस्य सहित ३ जना - सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ङ) अन्तर सरकार समन्वय ईकाई प्रमुख - सदस्य सचिव

१५. समितिको काम कर्तव्यः

(१) दफा १४ अनुसारको समितिको काम कर्तव्य देहाय अनुसार हुनेछ ।

क) अन्तर सरकार समन्वय तथा सहजीकरण गर्ने,

ख) अन्तर सरकारसँगको सहयोग तथा साझेदारीमा गर्नु पर्ने योजना तथा कार्यक्रम छनौट गर्ने,

ग) दुई वा सो भन्दा वढी स्थानीय तहको साझा सरोकारको विषय पहिचान गर्ने, संयुक्त समिति वनाउनु पर्ने भए समिति वनाउने र कार्यान्वयन गर्ने ।

## परिच्छेद - ७
## विविध

१६. प्रचलित कानून अनुसार हुनेः यसमा नखुलेका विषयमा प्रचलित कानून अनुसार हुनेछ ।

१७. संशोधनः कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

आज्ञाले

रमेश सुवेदी

प्रमुख प्रशासकीय अधिकृत